# कालिका पावर कम्पनी लिमिटेड

भरतपुर-१०, चितवन
फोनः ०५६-५२७१५८
Email: info@kalikagroup.com, www.kalikagroup.com

## बार्षिक साधारण सभा सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति २०७७/१० /०८)*

***आदरणीय शेयरधनी महानुभावहरु,***

यस कम्पनीको मिति २०७७/१०/०७ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०७६/०७७ को बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुदा साधारण सभामा उपस्थितिको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुमा यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थानः**

मितिः २०७७ साल माघ महिना ३० गते शुक्रबार।
समयः बिहान ११ बजे
स्थानः कम्पनीको रजिर्ष्टड कार्यालय भरतपुर-१०, चितवन

**छलफल गरिने प्रस्तावहरु (एजेण्डाहरु):**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।
३. आ.व. २०७७/०७८ को लेखापरिक्षण कार्यको लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. संचालक समितिको तर्फवाट आ.व.०७६/०७७ मा गरेको संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा।
५. विविध विषयमा छलफल।

**संचालक समितिको आज्ञाले**
***कम्पनी सचिव***

**बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु**

१. साधारण सभा प्रयोजनको लागि मिति २०७७/१०/१६ गते देखि २०७७/१०/१९ गते सम्म यस कम्पनीको शेयरधनी दर्ता किताव बन्द हुनेछ। नेपाल स्टक लिमिटेडमा मिति २०७७/१०/१५ गते सम्म कारोबार भई सो मितिबाट ४ दिन भित्र यस कम्पनीको शेयर रजिष्टार ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाडौंबाट प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन योग्य हुनेछन्।

२. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिर पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १० बजेदेखि सभा संचालन रहेसम्म खुल्ला रहनेछ।

३. साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा बार्षिक पुस्तिकामा संलग्न भएको प्रवेश पत्र वा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटोसहितको प्रमाणपत्र साथमा लिई सभामा भाग लिनुहुन अनुरोध छ।

४. कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको बार्षिक आर्थिक विवरण संचालकको प्रतिवेदन र लेखा परिक्षकको प्रतिवेदन कम्पनीको रजिष्टर्ड कार्यालय तथा कम्पनीको वेभसाइट www.kalikagroup.com बाट प्राप्त गर्न सकिनेछ।

५. सभामा भागलिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालय भरतपुर-१०, चितवन वा कम्पनीको कर्पोरेट कार्यालय कालिका टावर बालुवाटार काठमाडौंमा प्रोक्सी फाराम दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि प्रोक्सी नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ। प्रोक्सी फारामको ढाँचा कम्पनीको वेभसाइट www.kalikagroup.com बाट डाउनलोड गर्न सकिनेछ।

६. संरक्षक रहनुभएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयरलगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन्।

७. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत कित्तामा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि नियुक्तगरिएको एक व्यक्तिले मात्रै सभामा भाग लिन पाउनेछन्।

८. शान्ति सुरक्षाका कारण साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, व्याग आदि नल्याउनुहुन अनुरोध छ। सभाको सुरक्षाको लागि खटिएका सुरक्षाकर्मीहरुले सुरक्षा जाँच गर्न सक्ने हुँदा कार्यमा सहयोग गरि दिनुहुन समेत अनुरोध गरिन्छ।

९. अन्य कुनै जानकारीको लागि कम्पनीको रजिर्ष्टड कार्यालय भरतपुर-१०, चितवन वा कम्पनीको कर्पोरेट कार्यालय कालिका टावर बालुवाटार काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ।